दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २८३ | बुटवल | २०८२ कात्तिक ०२ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday October 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


सुरक्षा निकायको प्रष्टोक्ति :

# 'चुनावमा सुरक्षा दिन तयार छौं'

## चारवटै सुरक्षा निकायका प्रमुखसँगको छलफलमा राष्ट्रपतिले भयरहित वातारणमा निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास दल र आम नागरिकलाई गराउन सरकार र सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका थिए ।

लुम्बिनी संवाददाता

*बुटवल*

चारवटै सुरक्षा निकायले सबै सुरक्षाका निकायका प्रमुखहरूले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनावका लागि सुरक्षा दिन तयार रहेको बताएका छन् ।

शनिबार राष्ट्रपति रामचन्द्र पौडेलको पहल र प्रधानमन्त्री सुशीला कार्कीको समन्वयमा शीतल निवासमा भएको छलफलमा चारवटै सुरक्षा निकायका प्रमुखले आफूहरू चुनावमा सुरक्षा दिन तयार रहेको बताएका हुन् ।

'सबै सुरक्षा निकायका प्रमुखहरूले निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउन तयार रहेको जानकारी गराउनुभयो ।'- प्रधानमन्त्रीको सचिवालयले भनेको छ ।

सबै चारवटै सुरक्षा निकायका प्रमुख तथा गृहमन्त्री र अन्य मन्त्री सहभागी बैठक निर्वाचनको वातावरण र सुरक्षाका विषयमा केन्द्रित थियो । सुरक्षा निकायका प्रमुखहरूले अहिलेभन्दा कठिन अवस्थामा पनि चुनाव गराउन सफल भएको दृष्टान्त सुनाएका थिए ।

यस्तै प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालले सुरक्षा व्यवस्थाका लागि आवश्यक पर्ने स्रोतसाधन दिन तयार रहेको र व्यवस्थापनको काम पनि भइरहेको बताए ।

'विभिन्न दलसँग भइरहेको संवादका विषयमा पनि प्रधानमन्त्रीज्यूले जानकारी गराउनुभयो ।'- उनको सचिवालयले भन्यो ।

छलफलमा राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातारणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास राजनीतिक दल र आम नागरिकलाई गराउन सरकार र सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका थिए । प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू समेतको सहभागितामा भएको छलफलमा चारै सुरक्षा निकायका प्रमुखलाई पौडेलले यस्तो निर्देशन दिएका हुन् ।

उनले शान्ति सुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायहरूले 'बोल्ड्ली' रुपमा प्रस्तुत हुन पनि निर्देशन दिएको राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले जानकारी दिए । राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्ब फिर्ता गर्न पनि आग्रह गरे ।

अन्तरिम सरकारमा प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसर बाँकी नराख्ने बताइन् ।

उनले पूर्ण तयारीसाथ लाग्न र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण साधन स्रोत सरकारले उपलब्ध गराउने बताइन् । स्रुक्षा निकायका प्रमुखहरुले शान्ति सुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने बताएका थिए । उनीहरुले योभन्दा कठिन परिस्थितिमा पनि विगतमा शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्ण रुपले निर्वाचनका लागि तयार रहेको पनि बताएका थिए ।



छलफलमा अन्तरिम सरकारका प्रधामन्त्री कार्की, अर्थमन्त्रीबाहेक सबैमन्त्रीहरूका साथै प्रधानसेनापति अशोक सिग्देल, प्रहरी महानिरिक्षक चन्द्रकुबेर खापुङ, ससस्त्र प्रहरी महानिरिक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीको सहभागिता थियो ।

**दलहरूलाई खबरदारी गरिदिन आग्रह**

राष्ट्रपति रामचन्द्र पौडेलले बौद्धिक समुदायका अगुवाहरू समक्ष सरकार र राजनीतिक दलहरूलाई खबरदारी गरिदिन आग्रह गरेका छन् ।

राष्ट्रपति भवन शीतलनिवासमा बौद्धिक समुदायका ११ जना अगुवाहरूलाई शनिबार छलफलका लागि बोलाएर उनले सरकार र राजनीतिक दलहरूलाई खबरदारी गरिदिन आग्रह गरेका हुन् ।

छलफलमा सहभागीहरूका अनुसार राष्ट्रपतिले दलहरूलाई आगामी २१ फागुनका लागि निर्धारण भएको निर्वाचनमा जानका लागि र सरकारलाई समयमै निर्वाचन गर्न तथा जनता र जेनजी पुस्ताको भवनाअनुसार सरकार सञ्चालन गर्न खबरदारी गरिदिन आग्रह गरेका छन् ।

'सरकार र दलहरूलाई खबरदारी गरिदिनपऱ्यो भन्ने राष्ट्रपतिज्यूको आग्रह थियो । दलहरूलाई चुनावमा जानका लागि भूमिका निर्वाह गरिदिनुस् भने-'छलफलमा सहभागी राजनीतिक विश्लेषक गेजा शर्मा वाग्लेले भने, 'सरकारलाई निर्वाचन गर्न, जनता र जेनजी पुस्ताको भावनाअनुसार सरकार सञ्चालन गर्न खबरदारी गर्नुस् भन्ने कुरा गर्नुभयो ।'

छलफलमा राष्ट्रपति पौडेलमा निर्धारित समयभित्रै प्रतिनिधि सभाको निर्वाचन नभए थप संवैधानिक र राजनीतिक संकट आउने चिन्ता देखिएको उनले बताए ।

» बाँकी ३ पेजमा

### चुनाव गराउन सबै पक्ष जिम्मेवार बनौं : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहन आग्रह गरेकी छन् । राष्ट्रपति रामचन्द्र पौडेल र चारवटै सुरक्षा निकायका प्रमुखहरूसँग शनिबार शीतलनिवासमा भएको छलफलपछि उनले सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहन आग्रह गरेकी हुन् । 'फागुन २१ मा निर्धारित प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको छ । तयारी अझै द्रूततर गतिमा अघि बढाइँदै छ,' प्रधानमन्त्रीले एक्स (ट्विटर) मा लेखेकी छन्-'सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौं ।'

राष्ट्रपति पौडेल, गृहमन्त्री र अन्य मन्त्रीहरूसमेतको उपस्थितिमा चारवटै सुरक्षा निकायका प्रमुखहरूसँग निर्वाचनको तयारी र सुरक्षा अवस्थाका विषयमा गम्भीर छलफल गरिएको र चुनावको वातावरण तयार गर्न भइरहेका प्रयासको समीक्षा भएको पनि उल्लेख गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले सबै सुरक्षा प्रमुखहरुले उच्च मनोबलका साथ सुरक्षा व्यवस्था मिलाउन तयार रहेको जानकारी गराएको भन्दै चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको र राजनीतिक दलहरूसँग संवादको सुरुवात भएको पनि बताएकी छन् ।

### चुनावमा नजाने ओलीको भनाइप्रति राष्ट्रपति असन्तुष्ट

बुटवल । राष्ट्रपति रामचन्द्र पौडेल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निर्वाचनमा नजाने घोषणाप्रति असन्तुष्ट देखिएका छन् । बौद्धिक समुदायका अगुवाहरूसँग शनिबार भएको छलफलका क्रममा उनले एमाले अध्यक्ष ओलीले शुक्रबार गरेको घोषणाप्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।

निवर्तमान प्रधानमन्त्री ओलीले शुक्रबार केन्द्रीय कमिटी बैठकको समापनमा सम्बोधनका क्रममा आगामी २१ फागुनका लागि तय भएको निर्वाचनमा सहभागी नहुने घोषणा गरेका थिए ।

'एमालेको भूमिकाबारे एकछिन छलफल भयो,' शीतलनिवासमा भएको छलफलमा सहभागी एक अगुवाले भने-'राष्ट्रपतिज्यू एमालेको हिजोको निर्णयबाट असन्तुष्ट हुनुहुन्थ्यो ।' छलफलमा सहभागी अर्का अगुवाले पनि एमालेको पछिल्लो निर्णयप्रति राष्ट्रपति पौडेलले असन्तुष्टि व्यक्त गरेको प्रतिक्रिया दिए । एमाले अध्यक्ष ओलीबाहेकका नेताहरूले राष्ट्रपतिसँगको भेटमा निर्वाचनमा जानुपर्ने धारणा राखेको जानकारी आफूहरूलाई दिइएको ती अगुवाले बताए । 'एमाले अध्यक्षबाहेकका नेताहरूसँग राष्ट्रपतिले भेट्नुभएको रहेछ । उहाँहरूले निर्वाचनमै जानुपर्छ भएको रहेछ ।'- ती अगुवाले राष्ट्रपतिको भनाइ उद्धृत गर्दै भने ।

राष्ट्रपति पौडेलले ओलीकै सिफारिसमा आफूले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेको पनि छलफलका क्रममा बताएका थिए ।

## आफ्नाबारे सरकारको निर्णयमा ओलीको आपत्ति



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ओलीले आफू नेपालको जुनुसुकै स्थानमा जाने भन्दै रोक्नका लागि चुनौती दिएका छन् । उनलाई काठमाडौं उपत्यका छोड्न सरकारले रोक लगाएकोमा आपत्ति जनाउँदै उनले मौखिक आदेशको भरमा मनलाग्दी नगर्न चेतावनी दिए ।

शनिबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित चियापान कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने-'चुनाव गराउने रे ! झापा मेरो घर जलाइयो, जान नपाउने । साँगा कटेर जान नपाउने रे !'

उनले प्रश्न गरे-'म नेपालभित्र जतिबेर आवश्यकता छ, त्यतिबेर जान्छु । के कानुनले समाउँछ, के कानुनले थुन्छ ? कुन लोकतन्त्रले थुन्छ मलाई थाहा छ । जथाभावी गर्ने ? मनपरी गर्ने ?'- उनले आक्रोश पोखे ।

दलका नेताहरूलाई मौखिक आदेशले रोकेर चुनाव गर्ने भन्दै उनले सरकारी कदमको आलोचना गरे । 'मौखिक आदेशले जे पनि गर्छ ? हदबन्दी गर्ने । दलहरूलाई चुनावमा जान नदिने । अनि फागुन २१ मा चुनाव गर्ने वाह ?,' उनले प्रश्न गरे ।

उनले अहिलेको सरकार म्याद नभएको म्यादी सरकार रहेको आरोप लगाएका छन् । निवर्तमान प्रधानमन्त्री समेत रहेका ओलीले वर्तमान सरकार जग नै नभएको समेत आरोप लगाए । 'यो एउटा भुल्को हो । यो सरकार भनेको म्याद नतोकिएको म्यादी सरकार हो । यो सरकार रहन्छ भन्ने भ्रम छ भने त्यो छाडिदिए हुन्छ,' ओलीले भने-'जग नभएको यसो हल्लाउँदा हल्लिने सरकार हो । कति जग भएकालाई त बलजफ्ती फ्याँकियो भने यो जगै नभएको ।

» बाँकी ३ पेजमा

## नगर विकास कोषलाई प्रभावकारी बनाइने

बुटवल । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले क्षेत्राधिकार विस्तार गरी नगर विकास कोषलाई प्रभावकारी बनाइने बताएका छन् ।

शहरी विकास मन्त्रालयअन्तर्गतको उक्त कोषलाई निष्क्रिय नराखी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी विस्तार गरी प्रभावकारी रूपमा अगाडि बढाइने जानकारी मन्त्री घिसिङले दिएका छन् ।

शनिबार कोषका कामकारबाहीको जानकारी लिँदै मन्त्री घिसिङले विद्युतीय सवारीसाधन (सार्वजनिक यातायात), चार्जिङ स्टेसनजस्ता ई-मोबिलिटीका क्षेत्रमा लगानी गर्न निर्देशन दिए ।

नगरपालिकासँगको साझेदारीमा लगानी परिचालन गर्ने कोषका लागि फोहोरबाट ऊर्जा उत्पादन गरिने परियोजना लगानीको क्षेत्र हुनसक्ने भन्दै घिसिङले ऊर्जा पनि उत्पादन हुने र फोहोरमैला व्यवस्थापन गर्न सकिने त्यस्ता परियोजनामा लगानीको सम्भाव्यता अध्ययन गर्न सुझाव दिए ।

उनले लगानी गर्नुपर्ने तथा कोषले लगानी गर्ने क्षेत्राधिकारलाई अझ धेरै विस्तार गर्न आवश्यक कानुनी व्यवस्था परिमार्जनसमेत गरिने बताए ।

हरित जलवायु कोष (ग्रिन क्लाइमेट फन्ड) बाट मान्यता (एक्रेडिटेसन) प्राप्त हुने क्रममा रहेको र मान्यता पाएपछि कोषलाई हरित ऊर्जासम्बन्धी परियोजनामा लगानीको लागि ठूलो आर्थिक अनुदान सहयोग उपलब्ध हुने विश्वास उनले व्यक्त गरे ।

» बाँकी ३ पेजमा

# एक साताअघि पक्राउ परेको ड्राइफ्रुट्स खरबुजा बियाँ सोही ट्रकमा फेरि बरामद



भैरहवा । जिल्ला प्रहरी कार्यालय रूपन्देहीले गत साता ट्रकसहित बरामद गरेको ५० क्वीन्टल खरबुजाको बियाँ शुक्रबार पुनः सशस्त्र प्रहरीले लुम्बिनी रोड (वनगाइ)बाट नियन्त्रणमा लिएको छ ।

गत साता ओमसतिया गाँउपालिका-४ डण्डा खोला नजिकैबाट बागमति प्रदेश ३-००१ ख १६८४ नम्बरको मिनि ट्रकमा लोड भई लैजाँदै गरेको अवस्थामा चालकसहित बियाँ बरामद भएको थियो । सोही नम्बरकै ट्रकमा लोड भई अहिले पनि मर्चवारतर्फ गइरहेको अवस्थामा वनगाइबाट सशस्त्र प्रहरी बिओपी मझगावाले नियन्त्रणमा लिएको हो ।

अघिल्लो पटक धकधई क्षेत्रको बिक्रेताले मर्चवारको सीमा क्षेत्रमा अवस्थित फर्ममा सो सामान पठाउन लागेको अवस्थामा बरामद भएको थियो । प्रहरीले नियन्त्रणमा लिई अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको सो सामान ५० हजार जरिवानामा छुटेको थियो । मोबाइलमा पान बिलको फोटो राखेर कारोबार भएको सो सामानको अनलाइन बिल समेत नभएपछि नेपाल प्रहरीले उक्त सामान चालकसहित नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय पठाएको थियो ।

बरामद खरबुजाको बियाँ ड्राइ फ्रुट्सको रूपमा मिठाइलगायतको खाद्यवस्तुमा प्रयोग गरिन्छ । नेपालमा प्रति केजी ४०० रुपैयाँ करोबार हुने यो बियाँ तेस्रो मुलुकबाट नेपालका लागि आउने गरेको छ । नेपालमा खपत कम हुने यो बियाँ पछिल्लो समय सुरक्षा निकायलाई छलेर भारततर्फ पठाइने गरिएको छ ।

बरामद भएको ट्रकसहितको बियाँ श्री स्टार ट्रेडिङ्ग सिद्धार्थनगरले भ्याट बिलमार्फत् आकृति जनरल स्टोर्स सम्मरीमाई १ लाई बिक्री गरेको देखिन्छ । अघिल्लो पटक बरामद सामानको खरिद कर्ता पनि आकृति नै रहेको थियो । यो फर्म मर्चवारको सीमा क्षेत्र कुटवामा पर्छ ।

मिनि ट्रकमा लोड गरिएको १२५ बोरा (५० क्वीन्टल) खरबुजाको बियाँ लोड गरी लैजाँदै गरेको अवस्थामा प्रहरीले बरामद गरेको हो । मर्चवारमा उपयोग नै नहुने वस्तु ठूलो मात्रामा गएपछि सुरक्षा निकायले अवैध करोबारलाई नियन्त्रण गर्ने प्रयासमा रहेका छन् । सीमामा यसको खपत नै नहुने भएकोले तस्करी प्रयोजनका लागि गइरहेको प्रस्ट देखिन्छ ।

तस्करहरूले रूपन्देहीको मर्चवार र मैनिहवा क्षेत्रबाट मौका देखेर ठूलो मात्रामा मकै, अखरोट, किसमिस, ड्राइफ्रुट्सलगायतका सामान भारत पठाउँदै आएका छन् भने चिनी, कपडा, जुत्तालगायतको सामान नेपालतर्फ ल्याउने गरेका छन् ।

सशस्त्र प्रहरी बल २७ नम्बर गणका प्रमुख एसपी मेखराज जोशीले ट्रकसहितको सामान शंकास्पद लागि नियन्त्रणमा लिएको र अनुसन्धानका राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको जानकारी दिए ।

यस्तै प्रमुख जिल्ला अधिकारी डाक्टर टोकराज पाण्डेले भने-'हामीले कारबाही गरिरहेका छौं, यो घटनाको अवस्था बुझी कारबाही गरिने छ ।'

» बाँकी ३ पेज




# सम्पादकीय

## सरकारको खेलाँची

आगामी फागनु २१ गते चुनावको मिति घोषणा गरेको अन्तरिम सरकार चुनावी सरकार हो । यो सरकारको सफलता तोकिएको मितिमा चुनाव हुने र नहुनेमा निर्भर छ। तर सरकारका क्रियाकलाप तोकिएको मितिमा चुनाव गर्ने ढंगले अघि बढेका छैनन् । सकेसम्म चुनावको मिति पछि धकेल्ने ढंगले सरकारका गतिविधि हुन थालेका छन्, जुन जनभावनाविपरीत र स्वस्थ लोकतन्त्रविरुद्ध छन् ।

चुनाव तोकिएको मितिमा गर्नका लागि सरकारले दलहरुसँग विश्वासको वातावरण कायम गर्नुपर्छ । त्यसैगरी प्रहरीको मनोबल बढाउने, भदौ २४ गतेको विध्वंशमा लुटिएका प्रहरीका हतियार फिर्ता, फरार कैदीबन्दी कारागार फिर्ता र मतदाता नामावली अद्यावधिक गर्नुपर्ने छ। यी मध्ये मतदाता नामावली अद्यावधिक गर्ने सरकारले निर्णय गरेर काम सुरु गरेको छ । तर निर्वाचन लक्षित अरु काममा सरकारको पटक्कै ध्यान छैन । मुलधारका राजनैतिक दलप्रति प्रधानमन्त्री सुशीला कार्कीको पूर्वाग्रही सोच व्यवहारमा देखिँदैन्, यस्तो रवैयाले दलहरुसँग विश्वासको वातावरण पटक्कै बन्दैन । अहिलेका मुलधारका दल चुनावमा नआएपनि चुनाव हुन्छ भन्ने मानसिकता राखेर अघि बढ्ने हो भने सरकार बाटो विराएको बटुवा झैं हुनेछ । यस्तो रवैयाले सरकारलाई विफल बनाउँछ नै, मुलुक दिशाहिन बाटोतिर जानेछ। दलहरुलाई बाइपास र बेवास्ता गरेर अघि बढ्दा अन्तरिम सरकारका सामु कठिनाई र जोखिम धेरै आउन सक्छन् भन्ने हेक्का नहुनु धरातलीय यर्थाथलाई बुझ्न नसक्नु हो। भदौ २४ गतेको विध्वंशलाई पनि जेनजी आन्दोलनको महत्वपूर्ण भागका रूपमा लिएर विध्वंशमा सहभागीलाई कानुनी कारबाहीको दायरामा ल्याउन गृह प्रशासनले प्रहरीलाई बन्देज लगाउँदा प्रहरीको मनोबल झनै खस्किएको छ । भदौ २३ गतेको प्रदर्शनका क्रममा गोली लागेर मृत्यु हुने २२ जना मात्रै हुन् । भदौ २४ गते मृत्यु भएका अरु विभिन्न कारणले भएका हुन् । विध्वंशमा सहभागीले तीन प्रहरीको हत्या गरे । निजी र सार्वजनिक सम्पत्ति तोडफोड र आगजनी गरे । यो विध्वंशमा संलग्नलाई कानुनी कारबाहीमा ल्याउन जति ढिला हुन्छ, मुलुकमा अराजकता झनै मौलाउँदै जानेछ। विध्वंशमा सहभागीले नेपाल प्रहरीका १२ सय हतियार लुटेका छन् । रास्वपा सभापति रवि लामिछाने कारागारबाट निस्केपछि १४ हजार कैदी बन्दी फरार भए। त्यसमध्ये झण्डै ७ हजार कैदी बन्दी सम्पर्कमा आएका छैनन् । प्रहरीका लुटिएका हतियार फिर्ता नहुने र फरार कैदी बन्दी कारागार नफर्केकाले समाजमा त्रास र भय बढेको छ । समाजमा त्रास र भय बढेको बेला स्वच्छ र मर्यादित चुनाव हुन कठिन हुनेछ। सरकारले चुनाव गर्ने नै हो भने प्रहरीका लुटिएका हतियार फिर्ता र फरार कैदी बन्दीलाई कारागार फिर्तालाई प्राथमिकता दिएर काम गर्नुपर्छ ।

चुनावी सरकारले चीन, अमेरिका, बेलायतलगायत विभिन्न ११ मुलुकका राजदुत फिर्ता गर्ने निर्णय गरेको छ । परराष्ट्रमन्त्री नियुक्त हुन नसकिरहेको बेला राजदूत फिर्ताको निर्णयले मुलुकको वैदेशिक सम्बन्धलाई जीवन्त राख्न कठिन हुनसक्छ । दलहरुसँग विश्वासको वातावरण बनाउनुपर्नेमा गृहमन्त्रीको योजना पूर्वप्रधानमन्त्री एंव एमाले अध्यक्ष केपी ओलीलाई पक्राउ गर्ने रहेको छ। त्यसका लागि उनी कहिले प्रहरी प्रधान कार्यालय त कहिले महान्यायाधिवक्ता कार्यालय धाइरहेका छन् ।

चुनावका लागि विश्वासको वातावरण बनाउनुपर्छ, सरकारका क्रियाकलाप चुनाव लक्षित हुनुपर्छ । चुनाव लक्षित कार्ययोजना बनाएर काम गर्नसक्दा मात्रै चुनाव हुन्छ। चुनावी सरकारको ध्यान अरु नियमित सरकारको झै ध्यान अन्यत्र गयो भने चुनाव हुने सम्भावना टर्दै जानेछ, त्यसले मुलुक अकल्पनीय संकटतिर जानसक्छ।

# सहकारी आन्दोलनको पुनर्जागरण : जनताको पसिनाको रक्षा र आत्मनिर्भर अर्थतन्त्रको अभियान



सन्दीप सापकोटा

पछिल्ला वर्षहरूमा यो पवित्र आन्दोलनलाई स्वार्थी राजनीतिक हस्तक्षेप, गैरजिम्मेवार नेतृत्व र भ्रष्ट नेटवर्कहरूले कब्जा गर्न थालेका छन् । जसले गर्दा जनताको पसिना र पसलको मुनाफा–सबै खतरा भित्र छ । जनताको श्रमले बचेको पैसामाथि राजनीति गर्नेहरूको हातबाट सहकारी आन्दोलनलाई जोगाउनु अहिलेको ऐतिहासिक जिम्मेवारी बनेको छ।

**जनताको पसिनामा उठेको सहकार्यको गाथा**

सहकारी आन्दोलन कुनै दान वा आयातित विचार होइन्, यो जनताको पसिनाबाट जन्मिएको राष्ट्रिय आत्मनिर्भरताको सपना हो । गाउँ-टोलका किसान, मजदुर, महिला, साना व्यापारी, युवा र सबैले मिलेर साझा प्रयासबाट 'सहकारी' भन्ने शब्दलाई जनजीवनको मुटुमा राखेका थिए । सहकारी केवल संस्था होइन, यो जनताको साझा विश्वास, श्रम र भविष्यको प्रतीक हो ।

तर पछिल्ला वर्षहरूमा यो पवित्र आन्दोलनलाई स्वार्थी राजनीतिक हस्तक्षेप, गैरजिम्मेवार नेतृत्व र भ्रष्ट नेटवर्कहरूले कब्जा गर्न थालेका छन् । जसले गर्दा जनताको पसिना र पसलको मुनाफा–सबै खतरा भित्र छ । जनताको श्रमले बचेको पैसामाथि राजनीति गर्नेहरूको हातबाट सहकारी आन्दोलनलाई जोगाउनु अहिलेको ऐतिहासिक जिम्मेवारी बनेको छ।

सहकारी आन्दोलनको इतिहास र उपलब्धि नेपालमा सहकारीको इतिहास (२०१० सालतिर) देखि सुरु भएको हो । पहिलो सहकारी संस्था चितवनमा किसानका समस्याहरू समाधान गर्न गठन गरिएको थियो । त्यसपछि देशभर हजारौं सहकारीहरू विस्तार हुँदै गए ।

सहकारीहरूले निम्न क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् –

ग्रामीण ऋण र बचत सेवा

कृषिजन्य उत्पादनमा सहकार्य

महिला सशक्तीकरण र सामूहिक लगानी स्थानीयस्तरमा रोजगारी सृजना ।

**शिक्षा, स्वास्थ्य र सूचनाको पहुँच**

सहकारी ऐनले सहकारी आन्दोलनलाई संवैधानिक मान्यता दियो । संविधानले पनि सहकारीलाई अर्थतन्त्रका तीन स्तम्भमध्ये एक मान्यो – निजी, सरकारी र सहकारी । तर, जसरी शक्ति र स्रोत बढ्दै गए, त्यसरी नै सहकारी पनि राजनीतिक हस्तक्षेपको मैदानमा बदलिन थाल्यो ।

**राजनीतिक हस्तक्षेप र भ्रष्टाचारको दलदल**

सहकारीको आत्मा जनताको श्रम र विश्वासमा हुन्छ, तर अहिले सहकारीको नेतृत्व राजनीतिक आशीर्वादमा बन्ने प्रवृत्ति बढेको छ । सहकारीका पदहरू दलगत भागबन्डा र चुनावी गुटबन्दीको शिकार भएका छन् ।

जनताको पैसा नेताहरूका प्रचार-प्रसार र भोटको कोषमा रूपान्तरण गर्न खोजिएको छ । कसैको घरमा करोडौं फसेको छ, कसैको पसिनाको बचत हराएको छ । कति महिलाहरूका ऋणपत्र जलाएका छन्, कति वृद्धहरूको पेन्सन रोकिएको छ। यो अवस्था केवल "सहकारी असफलता" होइन, यो नै जनताको विश्वासमाथिको अपमान हो ।

**जनताको पसिना र बचतको सुरक्षा संकट**

नेपालमा हाल ३४००० भन्दा बढी सहकारी संस्था दर्ता छन् । तर तीमध्ये करिब एक तिहाई संस्थाहरू अनियमित छन् । कति सहकारीहरूले लेखापरीक्षण गर्दैनन्, कति त कार्यालय नै बन्द छन् ।

यसले जनताको पसिनाको पैसा अनिश्चिततामा पारेको छ।

उदाहरणका रूपमा – केही ठूला सहकारीहरूमा अर्बौं रुपैयाँ फसेर लाखौं नागरिकको भविष्य संकटमा परेको छ । यो केवल आर्थिक बेथिती होइन, सामाजिक विश्वासको पतन हो ।

राज्यले अनुगमन गर्ने निकायहरू छन्, तर तिनै निकायहरू राजनीतिक दबाबमा निष्क्रिय छन् । "जसको सत्ता, उसकै सहकारी" भन्ने मानसिकता नरोकेसम्म यो रोग निको हुँदैन ।

**पुनर्जागरणको बाटो : सहकारीको आत्मनिर्भर मोडल**

अब समय आएको छ – सहकारीलाई पुनर्जीवित गर्ने ।

यसका लागि तीन मूल सूत्रहरू लागू गर्नुपर्छ

**क. उत्पादनमुखी सहकारी :**

सहकारीले अब केवल बचत-ऋण होइन, उत्पादनमा लगानी गर्नुपर्छ । कृषि, पशुपालन, उद्योग, हस्तकला र प्रविधिमा आधारित उत्पादन सहकारीहरूले स्वदेशी बजार र रोजगारी सृजना गर्न सक्छन् ।

**ख. पारदर्शी र प्रविधिमैत्री व्यवस्था :**

सबै सहकारीको लेनदेन अनलाइन लेखा प्रणालीमा राखिनुपर्छ । सदस्यहरूलाई मोबाइल एपबाटै आफ्नो बचत, ऋण र लगानी हेर्न सक्ने सुविधा मिल्नुपर्छ ।

**ग. युवा र महिलाको नेतृत्व :**

सहकारीलाई नयाँ पुस्ताले चलाउनुपर्ने बेला आएको छ । युवाको ऊर्जा र महिलाको इमानदार सहभागिता बिना सहकारी आत्मनिर्भर हुन सक्दैन ।

**राजनीतिक नेतृत्वलाई खुला सन्देश**

राजनीतिक दलहरूले सम्झनुपर्छ –

सहकारी जनताको सम्पत्ति हो, पार्टीको चन्दा स्रोत होइन ।

जनताको पसिना चोरेर विकासको भाषण गर्नेहरूको नैतिक अधिकार समाप्त हुन्छ ।

राजनीतिक दलहरूले सहकारीलाई आफ्नो संगठनको विस्तार होइन, जनताको आर्थिक स्वतन्त्रताको माध्यमको रूपमा लिनुपर्छ ।

सहकारीलाई सुरक्षित राख्न सरकार र संसदले तीन कुरा गर्नुपर्छ –

१. सहकारी ऐनमा कडा दण्ड व्यवस्था ।

२. स्वतन्त्र सहकारी नियामक प्राधिकरण गठन ।

३. पारदर्शी लेखा प्रणाली र वार्षिक सार्वजनिक अडिट अनिवार्य ।

**जनतालाई आह्वान**

अब जनताले पनि मौन बस्नु हुँदैन ।

हामी सबै सदस्य हौं – सहकारीका मालिक हौं । त्यसैले, आफ्नो सहकारीको हिसाब-किताब बुझ्ने ।

बैठकमा सहभागी हुने ।

पारदर्शिता माग गर्ने ।

अनियमितता देखे आवाज उठाउने

यी चार अभ्यासले सहकारी पुनर्जागरणको बिउ रोप्छ ।

यदि हामीले आफ्नै बचतको रक्षा गर्न सकेनौं भने, कसरी राष्ट्र आत्मनिर्भर बन्ने ?

**नयाँ सहकार्य, नयाँ नेपालको दिशा**

सहकारी आन्दोलन केवल आर्थिक संस्था होइन – यो आत्मनिर्भर नेपाल निर्माण गर्ने अभियान हो ।

जनताको पसिना, श्रम र विश्वासको रक्षा गरेर मात्र हामी समानता र न्यायमा आधारित अर्थतन्त्र बनाउन सक्छौं ।

अब समय आयो –

सहकारीका नाममा जनताको पसिना बेच्नेहरूलाई बेनका गर्न,

र नयाँ पुस्ताको नेतृत्वमा "स्वावलम्बी सहकार्य" निर्माण गर्न ।

यो आन्दोलन शान्त हो, तर दृढ छ ।

यो आन्दोलन नारामा होइन, जनताको विश्वासमा बाँच्नेछ ।

सहकार्य अब केवल सिद्धान्त होइन –

यो नै आर्थिक स्वतन्त्रताको जनयुद्ध हो ।

(सहकारी पुनर्जागरण अभियन्ता)

# बसाईसराइले संस्कारमा आएको परिवर्तन



तुल्सीराम पाण्डे

एकै ठाउँमा लामो समयसम्म बस्ने मानिसहरु भन्दा आफूलाई जिन्दगी चलाउन सजिलो हुने अनुमान गरेर बसाई सरीरहने मानिसहरु बढी चलाख र सुखी देखिएका छन् । एउटा समुदाय एकै ठाउँमा लामो समयसम्म बस्दा त्यस ठाउँको हावापानी र भौगोलिक अवस्था अनुसारको खानपिन पहिरन र अन्य चलन गर्नुपर्ने हुन्छ । लामो समयसम्म चलेको चलन त्यस समुदायको संस्कार बन्दछ।

आधुनिक समयम चलेको बसाईसराइको कारणले धेरै समुदायको संस्कारहरुमा परिवर्तन हुँदै गएका छन्। संस्कार र चालचलनहरु परिवर्तन हुनुमा धेरै कुराले प्रभाव पारेको हुन्छ । केही कारणहरुमा नयाँ ठाउँमा जाँदा हावा पानी नमिल्नु, आफ्नो संस्कारअनुसारको खाना र पहिरन नपाइनु, नयाँ मानिसहरुसँग घुलमिल हुनखोज्नु, ठाउँअनुसारका कानुन हुनु, आफ्नो संस्कारमा चल्दा हेपिने र अरुले खिसी गर्ने डर हुनु, आफ्नो संस्कार नयाँ ठाउँमा नमिल्दो हुनु, आफ्नो संस्कार चलाउने सामग्री नपाइनु, अरुको सिको गर्न खोज्नु, आफ्नै संस्कारको ज्ञान समेत नहुनु पर्दछन् ।

नेपालको हिमाली भेगमा बस्ने समुदायहरुले न्यानो बाक्लो लुगा र घुँडासम्म आउने जुता लगाउँछन् । आफ्नै क्षेत्रमा उत्पादन हुने धेरै पोषणयुक्त खाना खान्छन् । शरीरमा ताप बढाउने पेयपदार्थहरु पिउँछन् । हिमाली खानामा उवा, फापर, कोदोका ढिडो, आलु, भेडा, च्याङ्गा र चौंरीको मासु खान्छन्। खानपिन धर्म र परम्पराअनुसार फरक-फरक हुन्छ । चौंरीको शरीर निरोगी हुने हुनाले त्यसको रगत पिउनको लागि टाढाटाढाबाट मानिसहरु जान्छन् । तराईमा बस्ने मानिसहरुले हावा छिर्ने खालको पातलो लुगा लगाउँछन् ।

शरीरलाई शितलता दिने खालका पेयपदार्थहरु पिउँछन् । त्यसैअनुसारको संस्कार बनेको छ। पाहाडी क्षेत्रमा बस्ने मानिसहरुले ठिक्कको न्यानो र सदावहार लुगा लगाउँछन् । त्यही ठाउँमा उत्पादन हुने खानेकुरा खान्छन् । त्यही ठाउँ र परम्पराअनुसारका संस्कार बनेका छन् । पाहाडी भेगमा बस्ने लोग्ने मान्छेहरुले दौरा, सुरुवाल, भोटो, कछाड, टोपी, लगौटी लाउने गाजो पार्ने गर्दछन्। महिलाहरुले धोती, चोलो, मजेत्रो, पटुका, ब्लाउज,लुङ्गी, घलेक लाउँछन् । अहिलेको समयको बसाईसराइ र आधुनिक चलनले गर्दा सबै ठाउँ र समुदायका परम्परागत खानपिन, पहिरन र संस्कारमा परिवर्तन आएको छ। संस्कारहरु परिवर्तन हुनुमा यातायातको महत्वपूर्ण भूमिका छ। यातायातले गर्दा नै गाउँका खाना शहरमा र शहरका खाना गाउँमा पुगेका छन् । तराइको चामल, दाल, तेल हिमालमा पुगेको छ । हिमालको उवा, फापर, स्याउ, भेडा, च्याङ्ग्रा तराईमा पुगेका छन् । मानिसको तत्कालिन आवश्यकता पनि संस्कार परिवर्तन हुनुको एउटा कारण हो । यहाँ विशेष गरेर पहाडी समुदायका संस्कारलाई प्राथमिकता दिइएको छ।

पहाडी भेगमा बस्ने बाहुनहरुले सधैं नुहाउने, पूजापाठ गर्ने, जनै लगाउने, टुप्पी पाल्ने गर्दछन्। तिनै मानिसहरु पढ्न र नोकरी गर्न शहरमा वा पानी कम भएको ठाउँमा जाँदा त्यसो गर्न सम्भव हुँदैन । टुप्पी पालेको देखेमा साथीहरुले खिसी गर्ने र तानीदिने गर्दछन्। भाडामा बस्दा भाँडोमा भरेर राखेको पानीले पुग्दैन। नेपालमा बस्ने नब्बे प्रतिशत मानिसहरुले हिन्दु धर्म मान्दछन्। यहाँका मानिसहरु पढ्न र नोकरी गर्न विदेशमा गएका छन् ।

विदेशमा गएपछि चिसो ठाउँमा जानेले शरीर तताउन रक्सी खाने, खाडीका देशहरुमा जानेले त्यहाँको चलन अनुसार गाइगोरुको मासु खाने गर्दछन्। घरमा गोरु परे पनि किरिया गर्न आउन पाउँदैनन्। छुट्टीमा आएपछि मात्र किरिया गर्दछन्। कुखुराको मासु धेरै बाहुनको घरभित्र पुगिसक्यो । अन्य समुदायले गर्ने बाजा बजाउने, कपडा सिउने, सुनको कारोबार गर्ने, जुत्ता सिउने , होटल गर्ने, मासु काट्ने जस्ता नाफा हुने सबैजसो काम र व्यापार सबैले गर्न थाले। विवाह गरेर विदेश जानेहरुले मलमास बार्न, बच्चा जन्मदा अगेनामा नाल गाड्न र न्वारन गर्दा विषालु वनस्पती र काँडा पोल्न सम्भव हुँदैन ।

तराईमा बसाई सर्ने मानिसहरुले पनि पहाडमा जस्तो राम्रो दिन हेराएर धानको मुठी काट्ने, न्वागी खाने, नाग झाँक्रीलाई धार दिने, लुतो फाल्ने, हरेलो पूजागर्ने, दशहरा मनाउने गर्न छाडिसके । यज्ञ गर्दा समेत लिंगा गाड्ने, होमकुण्ड बनाउने, शंख घण्ट बजाउने पनि सबै ठाउँमा सम्भव नभएकोले त्यहाँ जति सामान पाइन्छ त्यसैले काम सम्पन्न गर्ने चलन आएको छ । सबै कुरा किनेर सधैं संस्कार नथामिने रहेछ । लामो समय भएपछि नयाँ पुस्ताले पनि आफ्नो संस्कार बिर्सने र छिमेकीको संस्कार सिक्ने रहेछन् । पूजाआजामा स्थानीय गाईको दूध नपाइने ठाउँमा जर्सी गाईको र कुनै ठाउँमा भैंसीको दूधको पञ्चामृत बनाएर काम फुकाउन थाले । शहरमा र प्लटिङ गरेका ठाउँमा घरमात्र हुनेहरुले साँघुरो भएको कारणले विवाह र व्रतबन्ध जस्ता काम गर्न पार्टी प्यालेस जान्छन् । किरिया कर्म गर्दा समेत घरैको धारामा नुहाउने, ग्यास चुलोमा पकाउने, अगरबत्तीले धुप गर्ने चलनआयो । अहिलेको बढ्दो खर्चले गर्दा टाढा भएका आफन्तलाई हैसियत हेरेर बोलाउने चलन आयो। पहाडमा छँदासम्म सबैले आफ्नै ठाउँमा खुल्ला रुपले काम गर्न पाउँथे। छिमेकीहरु र इष्टमित्रले सघाउँथे । सबै आफन्तहरु जम्मा हुन्थे । पुरानै ढङ्गले कर्म सकिन्थ्यो ।

सबै मानिसहरुले गुन्द्री र पिर्कामा बसेर चुलोको नजिकै खाना खान्थे । आफ्नो जन्मदिन, अरु कुनै खुसीको पर्व वा धार्मिक महत्वका दिनहरुमा गण्डकीमा नुहाएर शुद्ध हुने, देवताको दर्शन गर्ने र आफ्ना मान्यजनबाट आशिर्वाद लिन्थे। शहरमा बसाई सरेपछि आफ्नो हैसियत उच्च देखाउन टेवल कुर्सीमा बसेर खाने, विशेष पर्वहरुमा शुभकामना दिने, केक काट्ने, जुठो केक खाने र खुवाउने, बलेको बत्तीहरु निभाउने, बिजुलीका झिलिमिली बत्तीहरु बाल्ने गर्दछन् । हिन्दु संस्कारमा जुठोखानु र बत्ती निभाउनुलाई अशुभ मानिन्छ। शुभकाम गर्दा घ्यू वा तेलको बत्ती बालिन्छ र यज्ञ नसकिंदासम्म निभ्न दिइँदैन ।

अहिलेका महिलाहरुले औपचारिक कार्यक्रममा मात्र साडी लगाउँछन् । साडी लगाउन र समालीरहन झन्झट हुने हुनाले विवाह समेत लेहेंगा र कुर्ता सुरुवालमा गर्ने चलन आयो । अरु समयमा आफूलाई सजिलो हुने र देश अनुसारको पोशाक लगाउँछन् ।

सबै मानिसलाई आफ्नो परम्पराअनुसारको संस्कार मनाउँदा आफ्नो जन्म ठाउँसँगको आत्मियता बढ्दछ । सबैको आत्मियता देश विकाशमा केन्द्रित भएमा हाम्रो देश पनि छिट्टै विकसित होला ।

# बागलुङमा ४५ हजार परिवार स्वास्थ्य बिमामा सूचीकृत




गलकोट । जिल्लामा ४५ हजार ३९५ परिवार स्वास्थ्य बिमा कार्यक्रममा सूचीकृत भएका छन् । यहाँ ती परिवारका एक लाख ४१ हजार ५०९ जना आबद्ध भएका छन् ।

विसं २०७३ असारदेखि जिल्लामा लागू गरिएको हो । गतवर्ष एक लाख २६ हजार बिमामा आबद्ध भएकामा हाल १५ हजार बढेर एक लाख ४१ हजार ५०९ जना पुगेका छन् । नौ वर्षअघि सुरु भएको स्वास्थ्य बिमामा आबद्ध हुनेको संख्यामा क्रमशः वृद्धि भइरहेको छ ।

जिल्लाको धौलागिरि अस्पताल, बागलुङ नगर अस्पताल, गलकोट नगर अस्पताल, जैमिनी नगर अस्पताल र ढोरपाटन नगर अस्पतालबाट स्वास्थ्य बिमाको प्रथम सेवाविन्दु दिइरहेका छन् । बिमामा आबद्ध हुनेको संख्या बढ्दै गएपछि हाल बडिगाड आधारभूत अस्पताल प्रथम सेवाविन्दुमा थपिएको स्वास्थ्य बिमा बोर्ड बागलुङका संयोजक नारायणप्रसाद पौडेलले बताए ।

उनका अनुसार यसमा एक लाख ४१ हजार ५०९ जना आबद्ध भएका मध्ये ७४ हजार ६०२ महिला र ६६ हजार ९०३ पुरुष रहेका छन् । "स्वास्थ्य बिमामा आबद्ध भएपछि निःशुल्क एक लाखसम्मको स्वास्थ्य उपचार पाइने भएकाले नागरिक यसमा आबद्ध भएका छन्", पौडेलले भने-"क्रमशः स्वास्थ्य बिमा गराउनेको संख्या बढिरहेको छ, यो वर्ष मात्रै १६ हजार नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । वर्षमा एकपटक प्रिमियम तिरेपछि वर्षभरि सरकारी अस्पतालमा उपचार पाइने भएकाले अधिकांशले स्वास्थ्य बिमा गर्न थालेका हुन् ।"

दुई लाख ४९ हजार २११ जनसंख्या रहेको बागलुङमा ५० प्रतिशतभन्दा बढीले स्वास्थ्य बिमा गरिसकेका छन् । जनसंख्या धेरै भए पनि रोजगारी र अन्य कारणले विदेश पलायन दर तीव्र बढिरहेकाले यहाँ बस्ने अधिकांशले स्वास्थ्य बिमा गर्न थालेको पौडेलको भनाइ छ । स्वास्थ्य बिमा कार्यक्रमअनुसार पाँच जनासम्मको परिवारका सदस्यले वार्षिक रु तीन हजार ५०० तिर्नुपर्ने र पाँचभन्दा बढी परिवारका सदस्य भएकाको हकमा प्रतिसदस्य रु ७०० का दरले शुल्क बुझाइ एक वर्षका लागि बिमा गरेका परिवारका सदस्यको वार्षिक रु एक लाखसम्म निःशुल्क उपचार खर्च हुने व्यवस्था छ । बिमा गरेपछि प्राइभेट क्लिनिक जाने बिरामी सरकारी अस्पताल तथा स्वास्थ्य चौकी जाने प्रचलनसमेत बढेको स्वास्थ्य बिमा दर्तामा आबद्ध कर्मचारी सरिता शर्माले बताए ।

# वालिङ नगर अस्पतालको आधुनिक भवन निर्माण



**प्रकाश डोटेल**
*स्याङ्जा*

वालिङ नगरपालिकामा सुविधा सम्पन्न अस्पताल भवन निर्माण गरिएको छ । संघीय सरकार र वालिङ नगरपालिकाको संयुक्त लगानीमा नगर अस्पताल भवनको निर्माण गरिएको हो । झण्डै १३ करोडको लागतमा अस्पताल भवन निर्माण भएको छ ।

दुई पटक म्याद थप गरिएको अस्पताल भवन निर्माणका लागि अन्तिममा कात्तिक मसान्तसम्म म्याद रहेको थियो । कोभिडको महामारी, निर्माण सामग्रीको अभाव, भवन निर्माण स्थल जग्गा) को जटिलताका कारण समय थप गर्दै आएको नगरपालिकाले जनाएको छ ।

स्थानीय व्यक्तिको अनुदान र खरिद गरी २० रोपनी क्षेत्रफलमा अस्पताल भवन तथा अन्य आवश्यक संरचनाहरु निर्माण गरिएको नगरपालिकाका इञ्जिनियर ध्रुव रेग्मीले जानकारी दिए ।

तीन वटा ब्लकमा निर्माण गरिएको अस्पताल तत्कालको लागि १५ शैयाको हुने छ । अस्पताल भवन निर्माणका लागि २७ करोडको लागत अनुमानसहितको डीपीआर तयार गरिएको रेग्मीले बताए ।

वालिङ नगरपालिका-१, रामबाच्छामा निर्माण गरिएको भवनमा कर्मचारी आवास गृह, कपाउण्ड पर्खाल, निकासी सडक र लिफ्टलगायतका संरचना निर्माण गर्न बाँकी नै रहेको छ । नगर अस्पताल भवन निर्माण गरिएको स्थानको जमिन भिरालो भएका कारण थप तीन करोड लगानी बढ्न पुगेको इञ्जिनियर रेग्मीले जनाए ।

२०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओली सरकारले देशका विभिन्न पालिकामा एकै पटक सुरु गरेको नगर अस्पताल निर्माण अभियान अन्तर्गत वालिङ नगर अस्पताल भवनको निर्माण गरिएको नगरप्रमुख कृष्ण खाँणले बताए ।

जिल्लाकै धेरै जनसंख्या बसोबास गर्ने वालिङमा सुविधा सम्पन्न भवन अभावमा स्थानीय नागरिक पोखरा तथा पाल्पासम्म उपचारका लागि पुग्ने गरेका थिए ।

आफ्नै पालिकामा नगर अस्पतालको सुविधा सम्पन्न भवन बनेपछि स्थानीय खुसी भएका छन् । आधुनिक भवन बन्यो सोहीअनुसारको उपचार सुविधा पाएमा स्वास्थ्य उपचारका लागि पोखरा तथा पाल्पा जानुपर्ने बाध्यता हट्ने विश्वासमा उनीहरु खुसी भएका हुन् ।

# श्रम संस्कृति पार्टी रूपन्देही अध्यक्षमा पुलामी

बुटवल । हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले रुपन्देहीमा संगठन विस्तार गरेको छ ।

बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीकी केन्द्रीय सदस्यबाट राजीनामा दिएकी बुटवलकी सूशीला पुलामीमगर श्रम संस्कृति पार्टीको जिल्ला अध्यक्ष बनेकी छन् ।

उक्त पार्टीको जिल्ला समितिको उपाध्यक्ष केशव न्यौपाने, सचिव सुगम राई, कोषाध्यक्ष शिशिर घर्तीमगर र सह-सचिवमा विमला कुँवर चयन भएको सचिव सुगम राईले जानकारी दिए ।

यस्तै उक्त पार्टीको बुटवल उप-महानगर समिति पनि चयन भएको छ । उप-महानगर अध्यक्षमा जेन जी पुस्ताबाट विजय विश्वकर्मा चयन भएको पार्टीले जनाएको छ ।

उपाध्यक्षमा बाघबहादुर बुढा, सचिवमा सुजन कुँवर, कोषाध्यक्षमा विराज श्रेष्ठ र सहसचिवमा शैलेन्द्र सुनार चयन भएका छन् ।

जिल्ला र नगर समितिमा बाँकी पदपूर्ति आवश्यकताअनुसार पछि गरिने उक्त पार्टीका तुलवीर दर्लामी मगरले बताए ।

जिल्ला र नगर कार्यसमिति घोषणा सभापछि उनीहरुले बुटवल उप-महानगरपालिका ९ स्थित बसपार्क बाहिर सार्वजनिक स्थलमा सरसफाइ गरेका छन् ।

हर्क साम्पाङले घोषणा गरेको यो पार्टी निर्वाचन आयोगमा दर्ताकै प्रक्रियामा रहेको छ ।

---

### चुनावमा...

'राष्ट्रपतिज्यूमा फागनु २१ मा नै चुनाव गर्नुपर्‍यो अर्को उपाय छैन । नभए थप संवैधानिक र राजनीतिक संकट सिर्जना गर्न सक्छ भन्ने चिन्ता पर्यौं ।'- वाग्लेले भने ।

छलफलमा सहभागीहरू सबैले आ-आफ्नो धारणा राखेका थिए। संकटको घडीमा राष्ट्रपतिबाट निर्वाह भएको भूमिकाको सराहना गर्दै आगामी दिनमा पनि संविधानको दायरामा रहेर थप प्रभावकारी भूमिका निर्वाहका लागि आफूहरूले अपेक्षा गरेको बौद्धिक समुदायका अगुवाहरूको भनाइ थियो ।

राष्ट्रपति पौडेलले छलफलका लागि त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमा, राजनीतिक शास्त्रीहरू लोकराज बराल, कृष्ण खनालसँगै हरि शर्मा, गेजा शर्मा वाग्ले, इन्द्र अधिकारी, मुमाराम खनाल, केशव दाहाल, तुलानारायण साह, कसमस विश्वकर्मा र उद्धव प्याकुरेललाई बोलाएका थिए ।

### आफ्नाबारे...

हल्लिँदा पुक्लुक्क हुन्छ। अनि यो सरकारका यत्रा धाकधम्की ?'

ओलीले जेनजीहरूले राष्ट्रिय झण्डा ओढेर सिंहदरबारमा आगो लगाउने काम गर्न नसक्ने र जेनजीले नै नगरेको बताए। ओलीले आफ्नो पार्टीले देशमा शान्ति, सुशासन स्थापना गरेर छाड्ने बताएका छन् ।

'सरकारलाई रिस उठोस् कि नउठोस्, नेकपा एमाले पनि यो देशमा छ, शान्ति, सुशासन स्थापना गरिछाड्छ । भ्रष्टाचार नियन्त्रण गरिछाड्छ।'-ओलीले सम्बोधनको क्रममा भनेका छन् ।

उनले सरकारमाथि आक्रोश पोख्दै भने अस्वस्थता फैलाउँदै गरेको आरोप लगाए ।

### नगर...

कोषका कार्यकारी निर्देशक विनोद प्रकाश पण्डितले कोषको वित्तीय स्रोतका रूपमा ७ अर्ब रुपैयाँ स्वपुँजी (इक्विटी) रहेको, एसियाली विकास बैंकमार्फत ५ अर्ब १९ करोड, विश्व बैंकबाट १२ करोड र नेपाल सरकारबाट २ अर्ब रुपैयाँ रकम ऋणका रूपमा प्राप्त भएको जानकारी दिए ।

कोषले १६ अर्ब रुपैयाँ ऋण प्रवाह गरेको छ । कोषले सहरी पूर्वाधार आयोजनामा वित्तीय (ऋण/अनुदान) र प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । कोषबाट नगरका बसपार्क, खानेपानी जग्गा विकास, बहुउद्देश्यीय भवन निर्माणलगायत क्षेत्रमा लगानी गरिरहेको छ ।

जेन-जी आन्दोलनका कारण क्षति भएका नगरका भवनको पुनर्निर्माणमा कोषलाई परिचालन गर्न सकिने अवधारण अगाडि सारिएको छ ।

### एक साताअघि...

**चेकजाँच गर्दा अभद्र व्यवहार**

भैरहवाबाट मर्चवार जाँदै गरेको ड्राइफ्रुट्स सिडसहितको गाडी सशस्त्र प्रहरीले चेकजाँच गर्न खोज्दा एक समूहले विवाद सृजना गरेको छ ।

सुरक्षा निकायले शंकास्पद देखिएपछि चेकजाँच गर्ने क्रममा राजेश जयसवाल, प्रविन जयसवाल, राजु यादव, सञ्जय मिश्रालगायतका टोलीले सशस्त्र प्रहरीसँग बहस गरेको प्रष्ट देखिन्छ ।

सुरक्षा निकायलाई चेकजाँच गर्ने क्रममा अवरोध गरी उनीहरूले गाली गलौज समेत गरेको भिडियोमा देखिएको छ ।

मुख किन छोप्नु हुन्छ, लुकेर बस्ने, दश गजामा ड्युटी गर्न सक्छौं, प्रहरीले दादागिरी गरिरहेको, दम छैन बिल चेक गर्ने, सीमामा पक्रेर देखाउ, बिल र अनलाइन हुँदा पनि किन रोकेकोलगायतका अन्य अशलील शब्दहरू ती समूहले प्रयोग गरेका छन् ।

नेपालको माल हो, नेपालमा खेती गर्न नपाउने भन्दै राजु यादव पनि सुरक्षा निकाय माथि जाइलागेका थिए । खरबुजाको बिउ हो पसलमा बिक्री गर्न लैजाँदै गरेको यादवले भनेका छन् । यद्यपी यो ड्राइफ्रुट्स बिउ खाने काममा प्रयोग हुन्छ, मर्चवारमा यसको खपत शून्य छ । ड्राइफ्रुट्स खरबुजा बियाँ चिनबाट नेपाल आउने गरेको छ ।


## SATYAWATI RURAL MUNICIPALITY
## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
**Johang,Gulmi**

# Invitation for Bids

**(First date of Publication: 2nd Kartik 2082 (19th Oct., 2025)**

**1.** Satyawati Rural Municipality, Gulmi has allocated funds towards Construction Works under national competitive bidding (NCB) .

| S. N. | Name of Works | Contract ID | Amount Excluding VAT and PS | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Construction and Upgradation of Chorkate-Chidipani-Juniya Road | SRM/ROAD/W/NCB /07-2082-083 | 1,00,90,629.66 | NRs. 3000 for Each Contract | 2,80,000.00 |
| 2 | Upgradation of Khaireni Health post to Angare Khola Road | SRM/ROAD/W/NCB /08-2082-083 | 51,97,635.18 | | 1,50,000.00 |
| 3 | Upgradation of Shahghat-Limgha-Sai Mod-Rammandir-Dalit Basti-Chakrapath-Satyawati Road (At Sisne Section) | SRM/ROAD/W/NCB /09-2082-083 | 28,14,713.80 | | 80,000.00 |
| 4 | Upgradation of Lumdikhola-Eksingh-Kol-Pipal Danda Road | SRM/ROAD/W/NCB /10-2082-083 | 1998968.86 | | 55,000.00 |
| 5 | Infrastructure Development Works at Saraswati Ma. Vi Ward No.6 | SRM/Building/W/NCB/11-2082-083 | 34,64,691.21 | | 1,00,000.00 |

Interested Eligible Bidder may obtain further Information from Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi or may visit PPMO's e-GP system http://www.bolpatra.gov.np/egp.

## Kaligandaki Rural Municipality
### Office of Rural Municipal Executive
**Purtighat, Gulmi**

# Invitation for Online Bids

Date of publication: 19 October2025(2082-07-02)

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the below mentioned workunder National Competitive Bidding Procedures.The details of the project is as follows:

| S. N | Contract No. | Contract Name | Bid Security Amount (Nrs) | Cost of Bid Document (Nrs) | Last Date and Time of Bid Submis-sion | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | KRM/SQ/ GOODS/2082/ 2083/06 | Procurement of materials and transportation up to road head site(kaligandakirural municipality -04 Jiro Oking Chahadi for motor BatoIstarunati | 40000.00 | 1000.00 | 03-11-2025 12:00 PM | 03-11-2025 14:00 PM |
| 2 | KRM/SQ/ GOODS/2082/ 2083/07 | Procurement of materials and transportation up to road head site(KRM-02) Arbeni | 25000.00 | 1000.00 | 03-11-2025 12:00PM | 03-11-2025 14:00 PM |

2.Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No. 9857067925/9857089605, website https://kaligandakimungulmi.gov.np/ or visit PPMO's website: www.bolpatra.gov.np/egp .

3.Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## Bhairab Navadeep Secondary School
**Chhahara, Palpa**

# Invitation for Bids

Date of publication: 19thOctober 2025(2082-07-02)

1. Bhairab Navadeep Secondary School invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Bhairab Navadeep Secondary School, ChhaharaPalpa may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S. N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Estimated Amount (without VAT ,PS and Contingencies) | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BNS/PAL/W/ NCB/01-082/83 | Construction of School Building Truss , Stage and Landscaping Works | 3rdMangsir 2082 12:00PM | 3rdMangsir 2082 1:00PM | 90 & 120 days | Rs 84,35,823.83 | Rs.2,55,000.00 | Rs.3,000.00 |

**Head Teacher**



तिहार सुरुः
धनतेरसमा भाडा पसलमा सामान किन्दै ग्राहकहरू। नयाँ भाँडा किनेर मनाइयो धनतेरस। तस्विरः मोहम्मद हबिब/ भैरहवा

# शाहील्याण्ड होटलले थप्यो बैंक्वेट हल, बार र रूफटप रेष्टुराँ





बुटवल । बुटवल-११ नहरपुरमा ३५ करोड रुपैयाँको लगानीमा तीनतारेस्तरको शाही ल्याण्ड होटेल औपचारिकरुपमा सञ्चालनमा आएको छ। ११ कठठा आफ्नै स्वात्विको जग्गामा बनेर दुई वर्षदेखि सञ्चालनमा रहेको होटेलले अहिले मूल भवनमा रुफटप रेष्टुरेण्ट र नयाँ भवनमा तीन सय ५० जना क्षमताको बैंक्वेट हल र बार सञ्चालनमा ल्याएको हो । युवा उद्यमी एवं जनप्रतिनिधि नकुल शाही ठकुरीले एकल लगानीमा ४५ वटा डिलक्स कोठासहित होटल सञ्चालनमा ल्याएका हुन् ।

होटेलको मूल भवनमा पनि ३०० जना क्षमताको ब्यान्क्वेट हल, मिटिङ हल रहेका शाहीले जानकारी दिए ।

तिनाउ नदी पारी बेलबास बेथरी सडकसँग शान्त वातावरणमा रहेको होटलमा पर्याप्त पार्किङ स्थल रहेको शाहीले बताए । मुलुकको आर्थिक समृद्धिको दीगो आधार पर्यटन नैं हो भन्ने आत्मविश्वासका साथ होटेलमा लगानी गरिएको शाहीको भनाइ छ ।

होटलका प्रबन्धक विनोद भट्टराईले होटलमा नेपाली खाना र संस्कृतिलाई प्रवर्द्धन गरिएको बताए। साथै ग्राहकको रुचिअनुसार चाइनिज, कन्टिनेन्टल, इन्डियन, थाई, युरोपियनलगायत विभिन्न देशका परिकारहरु समेत पाइने प्रबन्धक भट्टराईले बताए । होटलमा ३५ जना बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । होटलमा छिट्टै १ हजार क्षमताको ब्यान्क्वेट हल र स्वीमिङ पुल सञ्चालनमा ल्याउने तयारीमा छ ।

# व्यवसायिक फूलखेतीमा पूर्वशिक्षक भण्डारी



स्याङ्जा। तिहार लागेसँगै सयपत्री फूलको माग ह्वात्तै बढेको छ, तिहारमा सयपत्री फूलको माग बढ्ने आसामै स्याङ्जाको चापाकोट नगरपालिका-१ बेलडाँडाका स्थानीय तुलसीराम भण्डारीले व्यावसायिक फूलखेती गर्दै आएका थिए । चार वर्षदेखि सामान्य सयपत्री फूलखेती गर्दै आएका पूर्वशिक्षक समेत रहेका भण्डारीले पेशाबाट अवकाश भएसँगै व्यावसायिक रुपमा फूलखेती गरेका हुन् ।

शिक्षण पेशामा रहदा फुर्सदको समयमा व्यावसायिक बन्ने लक्ष्यसहित फूलमा आत्मनिर्भर बन्ने सोंच राखेका भण्डारीले गाउँकै तीन रोपनी जग्गामा फूलखेती गर्दै आएका छन् । विगतका वर्षमा एक रोपनी जग्गामा फूलखेती गर्दै आएका भण्डारीले यस वर्षबाट क्षेत्र विस्तार गरेका हुन् । बाँझो जमिनको सदुपयोग गर्दै फूलखेतीका लागि थप क्षेत्रफल बिस्तारको योजना रहेको उनले सुनाए ।

'पेशाबाट अवकाशपछि मैले व्यवसायिक रुपमा सयपत्री फूलखेती गर्ने सोंच बनाएको थिए,' ६० वर्षीय भण्डारीले भने-'पहिलो चरणमा फूलखेती परीक्षण चरणमै थियो, निवृत्त भएपछि व्यवसायिक बनेर अगाडि बढाउन लागेको छु।' भण्डारीले अर्गानिक घर तथा कृषि फर्म दर्ता गरी फूलखेती गर्दै आएको जनाए। शिक्षण पेशाबाट फुर्सद मिल्यो अब पूर्णरूपमा फूलखेतीमा आफ्नो ध्यान लगाउने उनले योजना सुनाए।

तिहारसँगै नेपाल सम्बत र छडमा मात्रै दुई हजार पाँच सय केजी फूल बिक्री गर्ने योजना रहेको बताए । भण्डारीले यसै वर्ष फूल बिक्रीबाट १० लाखसम्म कमाइ हुने अपेक्षा गरेका छन् । गएको वर्ष फूल बिक्री गरेरै झण्डै पाँच लाख आम्दानी गरेको उनले जानकारी दिए। फर्मबाट चालु वर्षको हालसम्म करिब ६ लाख मुल्य बराबरको फूलको थुँगा र माला बिक्री भइसकेको उनले बताए।

दसैँदेखि तिहारको यस अवधिमा २८० रुपैयाँ प्रतिकिलो फूल बिक्री गरेका भण्डारीले तिहारको समयमा भने धेरै फूल लैजाने र व्यापारीबाटै थोक (एकमुष्ठ) माग भएकाले प्रतिकिलो ३ सय रुपैयाँका दरले फूल बिक्री गर्ने तयारी गरेका छन् । माला उनेर प्रतिमाला ९० रुपैयाँसम्म बिक्री गरेका भण्डारीले स्थानीयस्तरमै खुद्रा मूल्य ३५० रुपैयाँसम्म फूल बिक्री हुने गरेको जनाए।

बजारमा फूलको माग र आफ्नो खेतीको अवस्था हेर्दा आउँदो मंसिर पुषसम्म सहज रुपमा फूल बेच्न सकिनेमा भण्डारी विश्वस्त छन् । बिउ छनोट र खेती गर्ने तौरतरिकाका बारेमा छोराको साथ पाएका कृषक भण्डारीले 'म्यारिगोल्ड कर्मा ५५५' जातको फूलका बिरुवाहरू लगाएर उत्पादन गरेका हुन् । अन्य खेतीको तुलनामा फूलखेती गोलमेड, स्याहारमा सहज रहेको उनको भोगाई छ।

फूलको बिउ खरिदमा १० हजार नगद लागत मूल्य परेको र अन्य गोलमेड, स्याहारसम्भार समेतको काम परिवारका सदस्यहरु फुर्सदको सयम मिलेर काम गर्दै आएको छोरा देवीप्रसाद भण्डारीले बताए। पछिल्लो समय खेतबारी बाँझो रहने क्रम बढेको भन्दै तुलसीरामले नगदेबालीका रुपमा जुनसुकै खेती गरे पनि राम्रो आम्दानी लिन सकिने बताए । बाँझो जमिनको सुदपयोग गर्ने हो भने गाउँमै राम्रो आम्दानी लिन सकिने उनको पछिल्लो अनुभव छ।

उत्पादित फूल, जिल्लाकै वालिङ, गल्याङ र छिमेकी जिल्ला पाल्पा, कास्की पोखरा, रुपन्देहीको बुटवल र चितवनको भरतपुरतर्फ निर्यात हुँदै आएको छ। बाँदरले अन्नबाली नष्ट गरिदिदा विकल्पमा स्थानीयहरु सयपत्री फूलखेतीतर्फ आकर्षित बन्दै गएका छन् । अन्नबालीको विकल्पमा फूलखेतीको व्यवसायिक उत्पादन गरे पनि मागको तुलनामा फूलको माला र थुँगा पुर्याउन नसकेको भण्डारीले जनाए।

# ७५७ जनालाई लालपुर्जा वितरण



देवदह । देवदह नगरपालिकाले ७५७ जना भूमिहीन, अव्यवस्थित बसोवास तथा सुकुम्बासी नागरिकलाई लालपुर्जा वितरण गरेको छ।

राष्ट्रिय भूमि समस्या समाधान आयोगको पहलमा तयार भएको जग्गाधनी लालपुर्जा भूमिहीन, अव्यवस्थित बसोबास तथा सुकुम्बासीलाई प्रदान गरेको छ । नगरपालिकामा एक कार्यक्रमको आयोजना गरी वडा नम्बर ५, ७, ९ र १० को गरी ७५७ जना भूमिहीन, अव्यवस्थित बसोवास तथा सुकुम्बासी नागरिकलाई लालपुर्जा वितरण गरिएको हो।

देवदह नगरपालिकामा १४ सय ३४ वटा लालपुर्जा तयार भए पनि ८४० जनाले मात्र राजस्व बुझाएको र सो मध्ये ७५७ जनाले जग्गाधनीको प्रमाणपुर्जा प्राप्त गरेको नगर भूमि शाखा प्रमुख विष्णुप्रसाद बस्यालले जानकारी दिए । देवदह नगरपालिका-५, को २६८ मध्ये २४४ जना, वडा नम्बर ७ मा १०३ मध्ये ९० जना, वडा नम्बर ९ मा ४६ जनामध्ये ४० जना र वडा नम्बर १० मा ४२२ मध्ये ३८३ जनाले जग्गाधनी लालपुर्जा प्राप्त गरेको बस्यालले जानकारी दिए।

देवदह नगरपालिकामा आर्थिक वर्ष २०७७/०७८ देखि भूमिहिन, अव्यवस्थित बसोवास जग्गा नापी कार्य सुरु भएको थियो । देवदह नगरपालिका-९, को कालिका टोलबाट पहिलो पटक नापी सुरु भएको थियो । विगत लामो समय देखि लालपुर्जाविहीन देवदह क्षेत्रका नागरिकले धेरै वर्षपछि जग्गाधनी पुर्जा प्राप्त गरेको छ । भूमिहीन, अव्यवस्थित बसोवास तथा सुकुम्बासी नागरिकलाई जग्गाधनी पुर्जा प्रदान गर्दै नगरप्रमुख ध्रुवप्रसाद खरेलले २०३९ सालदेखि धेरै आयोग बने पनि आमनागरिकले लालपुर्जा नपाएको, तर २०७७ सालमा गठन भएको आयोगले नागरिकलाई लालपुर्जा प्रदान गरेको बताए।

सोही अवसरमा बोल्दै नापी कार्यालय रुपन्देहीका प्रमुख मणिप्रसाद रेग्मीले जग्गाधनी पुर्जा प्राप्तीसँगै नागरिकको वर्षौंदेखिको सपना पूरा भएको बताए। जग्गाधनी लालपुर्जा प्राप्त गरेपछि भने आमनागरिक खुसी व्यक्त गरेका छन् ।

नगरप्रमुख धुव्रप्रसाद खरेलको अध्यक्षतामा भएको कार्यक्रममा देवदह-१०, का वडाध्यक्ष यकबहादुर सुनारलगायतले आ-आफ्ना भनाइ राखेका थिए। नगर उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको स्वागत र विष्णु वस्यालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# पन्ध्र शैयाका दुई आधारभूत अस्पताल सञ्चालनमा

तम्घास । देशभरमा नै १५ शैयाका अस्पतालको निर्माणको समेत काम नसकिएको अवस्थामा गुल्मीमा भने १५ शैयाका दुई आधारभूत अस्पताल सञ्चालनमा आएका छन् ।

तत्कालीन सरकारले गाउँका नागरिकको स्वास्थ्य सेवामा पहुँच पुर्याउने उद्देश्यले ०७७ मङ्सिर १५ गते देशभरका ३९६ पालिकामा पाँच, १० र १५ शैयाका अस्पताल शिलान्यास गरेको थियो। जसमा जिल्लाको चन्द्रकोट र गुल्मीदरबार गाउँपालिकाका दुई अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा आएका हुन् ।

पछिल्लो पटक चन्द्रकोट गाउँपालिका-६ मा बिहीबारदेखि आधारभूत अस्पताल सञ्चालनमा आएको हो। पालिका अध्यक्ष युवराज केसीका अनुसार गाउँपालिकाको विज्ञापनमार्फत् एक र लुम्बिनी प्रदेशको छात्रवृत्ति करार एक गरी दुइजना एमबीबीएस् डाक्टरको व्यवस्था गरिएको छ । तुल्सीभक्त अर्जुन व्युल्डर्स जेभीले रु १३ करोड ६६ लाखमा भवन निर्माण गरी पालिकालाई हस्तान्तरण गरेको थियो।

अस्पतालमा अब ल्याब, बर्थिङ सेन्टर, भिडियो एक्सरेलगायत ओपिडी सेवाहरू सञ्चालन हुनेछन् । गुल्मीदरबार गाउँपालिका-३ मा गत बैशाख २४ गतेबाट आधारभूत अस्पताल सञ्चालनमा आएको थियो । बिकोई अर्जुन न्यू लिजा गुल्मीले दुई वर्षअघि रु १२ करोड ९४ लाखमा भवन निर्माणको काम सकेको थियो।

दुईजना एमबीबीएस डाक्टर लुम्बिनी प्रदेशको छात्रवृत्ति करारबाट आएको र अन्य जनशक्ति पालिकाले व्यवस्थापन गरेर अस्पताल सञ्चालन गरेको छ । अहिले अस्पतालमा १२ जना जनशक्ति रहेको स्वास्थ्य शाखा प्रमुख नारायण अर्यालले जानकारी दिए। गुल्मी दरबारको आधारभूत अस्पतालमा प्रसूति गराउने दुईजना जनशक्ति काजमा ल्याइएको छ। दुवै अस्पतालमा चौबीसै घण्टा इमर्जेन्सी सेवा, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसी, ल्याब, अक्सिजन, निःशुल्क प्रसूति सेवा, गर्भपतनलगायतका सेवा सञ्चालनमा छन् ।

गुल्मी दरबारका स्वास्थ्य संयोजक अर्यालका अनुसार अहिले आधारभूत अस्पतालमा दैनिक ३० देखि ३५ जनाले सेवा लिइरहेका छन् । चन्द्रकोटमा बाग्लुङको बरेङसम्म र गुल्मी दरबारमा रेसुङ्गा नगरपालिकाको दुविचौरसम्मका नागरिकले सेवा लिएका छन् । "आधारभूत अस्पतालमा स्वास्थ्य बिमा लागू गर्न सकियो भने राम्रोसँग सञ्चालन गर्न सकिन्छ।" गुल्मीदरबारका स्वास्थ्य संयोजक अर्यालले भने।

हार्दिक शुभकामना



नेपालीहरूको महान चाड शुभदीपावली तथा छठ
पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डोर बहादुर झाँक्री
व्यवस्थापक

राम प्रसाद चौधरी
अध्यक्ष (तथा)

साना किसान कृषि सहकारी संस्था लि. परिवार
बुद्धभूमि-४, कपिलवस्तु

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

दीपावली सतर्कतापूर्वक मनाऔं।

**दीपावलीको समयमाः**
दीपावली सतर्कतापूर्वक मनाऔं ।
मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,
**त्यसबाट बच्नः**
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
-बालबालिकाले भेट्ने गरी दियो, मैनबत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,
-पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
-धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,
-एक्सटेन्सन प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौ,
- पटाका तथा अन्य प्रज्वलनशील बस्तुको प्रयोग नगरौं ।
आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

सैनामैना नगरपालिकाको अनुरोध

**डेंगीबाट बच्ने उपायहरुः**
- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- पानी राखेका भाडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने, गरी झ्याल ढोकामा जाली बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं,
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमला राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com